# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
बाग्मती प्रदेश ,नेपाल

प.सं. ०७८/७९
च.नं. : ५३६

श्री वडा कार्यालय सबै (१०)
सूर्यविनायक नगरपालिका, भक्तपुर ।

मितिः २०७८।६।७

विषयः सूचना टाँस सम्बन्धमा ।

यस सूर्यविनायक नगरपालिकाको आ.व.२०७८।०७९ को बार्षिक स्वीकृत कृषि विकास कार्यक्रम (शसर्त) अन्तर्गत **मध्यम प्रविधीयुक्त बहुउद्देश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम शीर्षक (रु.७,५०,०००।००)** ५०% अनुदानमा मध्यम प्रविधीयुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम (संख्या-१) रहेको हुँदा इच्छुक नर्सरी धनी कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्महरुबाट वडा कार्यालयको सिफारीस सहित प्रस्ताव पेश गर्न यस कार्यालयबाट मिति २०७८।६।७ गते ३० दिनको सूचना प्रकाशन गरी यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । यसैसाथ संलग्न सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सम्बन्धित सबैमा जानकारी गराई दिनुहुन अनुरोध छ ।

राजेन्द्र प्रसाद नेपाल
निर्देशक

# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
बाग्मती प्रदेश ,नेपाल


प.सं. ०७८/७९
च.नं. :

२०७८।०६।०७

सूचना ।  सूचना ।।  सूचना ।।।

**मध्यम प्रविधीयुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हानको सूचना**

यस सूर्यविनायक नगरपालिकाको आर्थिक बर्ष २०७८।०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदानमा मध्यम प्रविधीयुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम रहेको हुँदा इुच्छुक नर्सरी धनी कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सूर्यविनायक नगरपालिका, कृषि विकास शाखामा कार्यक्रमको कार्ययोजना सहित प्रस्ताव पेश गर्न गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्न सकिने छ ।

तपसिलः

१. कार्यक्रम सञ्चालन स्वीकृत कार्यविधी अनुसार हुनेछ ।
   कार्यक्रमको नामः मध्यम प्रविधीयुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम ।
   संख्याः १
   विनियोजित रकम रु. ७,५०,०००।०० (सातलाख पचास हजार)

आवश्यक कागजातहरुः

१. कार्यक्रम मागको निवेदन ।
२. सम्बन्धित निकायमा नर्सरी धनी कृषक/कृषक समूह/ कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी।
३. नर्सरी स्थापना हुने स्थान(जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको भाडा सम्झौता पत्रको प्रतिलिपी ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्य योजना र लागत इष्टिमेट अनिवार्य पेश गर्नु पर्ने । (ग्रिन हाउस/स्क्रिन हाउस/सेड हाउस मध्ये एउटा अनिवार्य बनाउनु पर्ने र सोको समेत लगत स्टिमेट अनिवार्य बनाई पेश गर्नुपर्ने)
६. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र अनिवार्य हुनु पर्ने ।

राजेन्द्र प्रसाद नेपाल
निर्देशक

## आवेदन फारामको नमुना

मिति : ............

श्रीमान प्रमूख ज्यू,

...................

महोदय,

प्रस्तुत बिषयमा तहाँबाट सूचना भए बमोजिम म/हामी..................... ५०% अनुदानमा मध्यम प्रविधीयुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम संचालन गर्न इुच्छक रहेकोले .......... रकमको प्रस्तावना तयार गरी तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

संलग्न कागजातहरुः

१) निवेदन ।

२) नेपाली नागरिकताको प्रतिलिपि ।

३) दर्ता/नवीकरण/स्थायी लेखा नं /कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

४) नर्सरी स्थापना गर्ने जग्गाको लालपूर्जाको प्रतिलिपि ।

५) जग्गा करारमा लिइएको भए करार सम्झौताको प्रतिलिपि ।

६) प्रस्तावना, कार्य योजना र लागत इष्टिमेट ।

७) सम्बन्धित वडा कार्यालयको सिफारीस ।

निवेदक

नाम र थरः

ठेगानाः

छापः

मोबाइल नं.

संस्थाको हकमा संस्थाको छापः